नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक १६७ २०७७ साल माघ १९ गते सोमबार (1 Feb. 2021 Monday) मूल्य रु. ५/-

**Log on : rajbirajdainik.com.np**

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- फरार अभियुक्तले सार्वजनिक संस्थाबाट पाउने सेवा सुविधा लिन नपाउने र निजको अधिकार कटौती हुने,
- आफ्नो नाममा जारी भएको म्याद नबुझ्ने वारिस वा कानून व्यवसायीलाई अदालतमा प्रतिनिधित्व गर्न नदिने,
- सरकारवादी मुद्दाका साक्षीलाई सरकारले दैनिक भ्रमण भत्ताको सुविधा र आवश्यकता अनुसार सुरक्षा प्रदान गर्ने,
- नबुझी नहुने साक्षी उपस्थित नभएमा जरिबाना तथा पक्राउ गर्न सकिने,
- पीडित वा साक्षीको परिचय गोप्य राख्न सकिने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

*यस अंक भित्र :* २ पृष्ठमा : मोरङ सुनसरी सिँचाइ... ३ पृष्ठमा : जनता आवास कार्यक्रम ... ३ पृष्ठमा : ओमानलाई भारतले दियो...

# शान्तिका लागि चैत २ गतेदेखी महायज्ञ हुँदै




**दैनिक समाचारदाता**
**राजविराज, १८ माघ ।**

आगामी चैत २ गतेदेखी सप्तरीको राजगढ गाउँपालिकामा हुन लागेको सीताराम नाम संकिर्तन तथा बिष्णु महायज्ञका लागि द्रुतगतिमा तयारी भइरहेको जनाइएको छ ।

महायज्ञको तयारीका लागि गठित मूल आयोजक समितिले आइतबार राजविराजमा पत्रकार सम्मेलनको आयोजना गरि सो जानकारी दिएको हो ।

समितिका संरक्षक जगतनन्दन दास (पगला बबा) ले आयोजित पत्रकार सम्मेलनमा विश्व शान्तिका लागि सो महायज्ञको आयोजना गर्न लागिएको जानकारी दिएका छन् । उनले सप्तरीको राजगढ गाउँपालिका ४ बेल्ही चपेनामा आगामी चैत २ गतेदेखी ११ गतेसम्म आयोजना हुने उक्त महायज्ञको ध्वजारोहन माघ ७ गते सम्पन्न भएपछि महायज्ञको तयारी द्रतगतिमा भइरहेको बताए ।

महायज्ञमा भारतको हिमाचल प्रदेश प्रान्तका जगतगुरु सरदानन्द समेतको सभागिता हुने बताउँदै संरक्षक दासले उक्त महायज्ञका ५ लाख श्रद्धालु, भक्तजन तथा आममानिसको सहभागिता हुने दाबी समेत गरे ।

"अहिले मुलुकमा विभिन्न खाले विपद् आइरहेको छ, विभिन्न खाले द्वन्द्व, विभेद तथा मतभेद उत्पन्नको अवस्था छ, सोको निराकरणका लागि महायज्ञ आवश्यक छ ।" उनले भने महायज्ञ सप्तरीमा मात्र नभएर आगामी जेठ सम्ममा संघीय राजधानी काठमाडौंमा सम्पन्न गराउन पहल समेत भइरहेको छ ।

सो पत्रकार सम्मेलनमा मूल आयोजक समितिका अध्यक्ष गजेन्द्र कुमार मण्डलले महायज्ञमा १ सय ९ वटा मण्डपको तयारी अन्तिम चरणमा रहेको तथा सो मण्डपमा २ हजार ४ सय किर्तन मण्डलीको

*बाँकी अन्तिम पृष्ठमा*

# अटो रिक्साको ठक्करबाट एक पैदलयात्रीको ज्यान गयो

**दैनिक समाचारदाता**
**राजविराज, १८ माघ ।**

सप्तरीको कन्चनरुप नगरपालिका वडा नं. १० स्थित पुर्व पश्चिम राजमार्गमा शनिबार साँझ अटो रिक्साको ठक्करबाट एक पैदलयात्रीको ज्यान गएको छ ।

उक्त सडक खण्डमा उत्तरबाट दक्षिणतर्फ जाँदै गरेको स.१ह. ८३८ नम्बरको अटो रिक्साले पैदलयात्री जिल्लाको हनुमाननगर कंकालिनी नगरपालिका वडा नं. १० निवासी ३६ वर्षिय इसराफिल अलीलाई ठक्कर दिँदा घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यता ईलाका प्रहरी कार्यालय कंचनपुर सप्तरीबाट खटीएको प्रहरी टोलीले अटो रिक्सा र चालक कंचनरुप नगरपालिका १० निवासी २१ वर्षिय ब्रहम देव पासवानलाई नियन्त्रणमा लिई थप अनुसन्धान कार्य भईरहेको प्रहरीले जनाएको छ ।

यस्तै मृतक अलीको शवलाई पोष्टमार्टमका लागी राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पताल राजबिराजमा राखिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# बलात्कारका आरोपित पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, १८ माघ ।**

सप्तरीको रूपनी गाउँपालिकाकी एक महिलालाई बलात्कारको प्रयास गरेको आरोपमा फरार यूवकलाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सो गाउँपालिका वडा नं. ३

*बाँकी अन्तिम पृष्ठमा*

# मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको पदाधिकारी नियुक्त



**दैनिक समाचारदाता**
**जनकपुरधाम, १८ माघ ।**

प्रदेश २ सरकारले स्थापना गरेको मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानका पदाधिकारीहरुलाई आइतबार एक कार्यक्रमबीच नियुक्ती पत्र हस्तान्तरण गरेको छ ।

मुख्यमन्त्री निवास मधेश भवनमा आयोजित एक कार्यक्रमका विच मुख्यमन्त्री लालबाबु राउतले नवनियुक्त पदाधिकारीहरुलाई नियुक्ती पत्र हस्तान्तरण गरेका हुन् ।

मुख्यमन्त्री कुलपति रहने प्रतिष्ठानका लागि उपकुलपतिमा

*बाँकी तीन पृष्ठमा*

## आवश्यकता । आवश्यकता ॥ आवश्यकता ॥।


माय जलपा बचत तथा ऋण सहकारी संस्था लि. लाई निम्न पदहरुमा अनुभवी इच्छुक व्यक्तिहरु चाहिएकोले समयमै सम्पर्क गर्नु होला ।

**पद : क्यासियर/संख्या : १ (एक) जना**
BBS वा Bachelor सो सरह पास गरि एक वर्ष सम्बन्धित विषयमा कार्य अनुभव भएको तथा PCS (Parbhu Co-operative Solution, Pamoris Software) तथा अन्य Software को जानकारी भएको र नेपाली, अंग्रेजी भाषामा टाइप गर्न सकिने ।

**पद : ऋण ओफिसियर/संख्या : १ (एक) जना**
BBS वा Bachelor सो सरह पास गरि एक वर्ष सम्बन्धित विषयमा कार्य अनुभव भएको तथा PCS (Parbhu Co-operative Solution, Pamoris Software) तथा अन्य Software को जानकारी भएको र नेपाली, अंग्रेजी भाषामा टाइप गर्न सकिने ।

**पद : बजार प्रतिनिधी/संख्या : ५ (पाँच) जना**
शैक्षिक योग्यता +2 पास गरेको वा सो सरह बजार प्रतिनिधिमा एक वर्षको अनुभव भएको र नेपाली, अंग्रेजी भाषामा टाइप गर्न सकिने ।
**मिति : २०७७/१०/१८ गते देखि २०७७/१०/२६ गते सम्म**
**लिखित परीक्षा मिति : २०७७/१०/२७**
**मौखिक परीक्षा मिति : २०७७/१०/२८**

सम्पर्क
**माय जलपा बचत तथा ऋण सहकारी संस्था लि.**
विष्णुपुर गा.पा. ६, रंजितपुर
कुनौली रोड, सशस्त्र क्याम्पको छेउमा
मोबाइल नं. ९८५२८३२०५९, ९८१६३४२१८८
फोन नं. ०३१-५२२२५९, **www.myjalpacooperative.com.np**



## सम्पादकीय

### सवारीसाधनलाई नियन्त्रित तरिकाले चलाऔं, दुर्घटनाबाट बचौं र बचाऔं

सप्तरीमा सवारी दुर्घटनामा बढ्दै गएको छ। दिनहुँ जसो सवारी दुर्घटना भइरहेको छ। एक साताको अवधीमा भएको सवारी दुर्घटनामा ८ जनाको मृत्यु भएको छ। यसरी तथ्याङ्कलाई हेर्ने हो भने जिल्लामा दुर्घटनाका क्रम बढ्दै गएको हो। दुर्घटनामा पनि सबैभन्दा बढी मोटरसाइकल दुर्घटना हुने गरेको छ। त्यो पनि २० देखी ३० वर्षसम्मका यूवाहरुले सो दुर्घटनामा ज्यान गुमाइरहेका छन्।

यसरी सवारी दुर्घटनालाई न्यूनिकरण गर्नका लागि प्रहरीले विभिन्न सचेतनामूलक कार्यक्रमदेखी सवारी चालकलाई चेतना समेत दिएका छन्। लामो तथा छोटो दुरीका सवारी चालकलाई समय समयमा दुर्घटना न्युनिकरणका लागि जनचेतना दिएको पाइन्छ। तर, हलुका सवारीको रुपमा लिइने मोटरसाइकल चालकलाई भने त्यस्तो कुनै सचेतना दिएको पाइन्न्। मोटरसाइकल दुर्घटना हुने प्रमुख कारण गति अनियन्त्रित हुनु हो। यसका लागि स्वयम यूवाहरुले आफैले गति नियन्त्रण गर्नुपर्दछ। तर, त्यो गरिएको पाइन्न्। त्यसका अभिभावक पनि उत्तिकै गैरजिम्मेवार भएको देखिन्छन्। नयाँ नयाँ मोटरसाइकल खरीद गरेर आफ्ना बालबालिकालाई उपहार दिने चलन आएको छ। तर, उपहार दिनु कुनै नराम्रो कुरा होइन्। यसका लागि अभिभावकले आफ्ना बालबालिकालाई संयमताका साथ गुडाउन नभन्नु र समय समयमा उनीहरुको गतिविधी समेतमा ध्यान दिन नसक्नु पनि हो।

तसर्थ सवारीसाधनलाई नियन्त्रित तरिकाले गुडाउनु नै बुद्धिमानी हुन्छ। गति बढाएर दुर्घटनालाई निम्त्याउनु भन्दा राम्रो सवारीसाधनलाई बिस्तारै चलाएर आफ्नो गन्तव्यतर्फ जान सबैले सदैव ध्यान पुऱ्याउनु उत्तिकै आवश्यक छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# मोरङ सुनसरी सिँचाइ आयोजनाबाट कृषकले लाभ लिन पाएनन्

विराटनगर, १८ माघ (रासस)।

पछिल्लो समयमा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको निगरानी कम भएपछि मोरङ सुनसरी सिँचाइ आयोजना ओझेलमा परेको छ। यसका कारण यहाँका किसानले यो आयोजनाबाट लाभ लिन पनि पाएका छैनन्।

सम्भवतः देशकै सबैभन्दा ठूलो सुनसरी मोरङ सिँचाइ आयोजनाबाट सुनसरी र मोरङमा करीब ६० हजार हेक्टर जग्गामा सिँचाइ सुविधा पुगेको छ। यसबाट सुनसरी र मोरङका लाखौं कृषक लाभान्वित भएका छन्। भारत सरकारको सहयोगमा बनेको यो चतरा मूल नहरसँग जोडिएका अन्य शाखा नहर सन् १९७५ मा नेपाल सरकारलाई हस्तान्तरण भएको हो।

निर्माण भएको लामोसमय बितिसक्दा यसका धेरै संरचना कमजोर भएको र कुनैबेला पनि यी संरचना ध्वस्त हुने र लाखौं कृषक सिँचाइबाट बञ्चित हुने अवस्थालाई हटाउन मन्त्रालयले आवश्यक योजनासहित बजेट विनियोजन गर्नुपर्ने आवश्यकता देखिएको छ।

तीन वर्ष पहिले मोरङको लोहन्द्रा खोलामा आएको बाढीले नहरको संरचना भत्किँदा ११ किलोमिटर पूर्वसम्म लम्बिएको नहरअन्तर्गतका बरियाती शाखा नहर, नयाँपट्टी शाखा नहर, आमझोड शाखा नहर, रञ्जनी शाखा नहर, चिस्याङ शाखा नहर र झमनपुर शाखा नहरमा आश्रित कृषकले नहरको पानी खेतमा देख्न पाएका छैनन्। उनीहरु वर्षे धानबाली तथा हिउँदे बालीका लागि आकाशे पानीको भरपर्नु परेको स्थानीय कृषक विद्यानन्द चौधरीले जानकारी दिनुभयो।

उहाँले यस वर्ष वर्षात्को मौसममा राम्रै पानी परेकाले त्यति समस्या नभए पनि हिउँदमा लगाउने दलहन, तेलहन र गहुँबालीका लागि समस्या भएको जानकारी दिनुभयो।

लोहन्द्रा खोलादेखि पूर्वतर्फ नहरदेखि दक्षिण क्षेत्रमा ती छ वटा शाखा नहरबाट करीब १० हजार हेक्टर जग्गामा सिँचाइ सुविधा पुगेको सुनसरी मोरङ सिँचाइ आयोजनाका प्रमुख भिलानन्द यादवले जानकारी दिनुभयो। उहाँले कृषकहरुले भोग्नुपरेको समस्यालाई निराकरण गर्न अहिले भत्किएको ठाउँमा नयाँ संरचना बनिरहेको जानकारी दिनुभयो।

लोहन्द्रा खोलामा नयाँ बनिरहेको नहरको संरचना र खोलाको पुल मूल्य अभिवृद्धि करसहित रु २९ करोड ९७ लाख ५६ हजार ७७१ मा निर्माण गर्न स्वामी नारायण आशिर्वाद जेभीले २०७६ साल फागुन ३० मा निर्माणको सम्झौता गरी विसं २०८० भदौ ३० गते निर्माण सम्पन्न गर्ने गरी ठेक्कामा लिएको छ।

नहरको पानी बग्न बनाइने साइफनको लम्बाइ २२७ मिटर, चौडाइ साढे दुई मिटर र गहिराइ भित्री भागमात्र दुई मिटर छ भने पुलको लम्बाइ १५५ मिटर र चौडाइ १० दशमलव ८५ मिटर रहेको छ। नहरको काम सम्पन्न भएपछि त्यस क्षेत्रका कृषक लाभान्वित हुने र पुलको काम सम्पन्न भएपछि पूर्वतर्फका कसेनी, बाहुणी, होक्लाबारी, पथरी, उर्लाबारी झापासमेतका तथा पश्चिततर्फ नेता चोक, विराटनगर, बूढीगङ्गा, दुहबी, कोहलपुर, खनार र सुनसरीका लाखौं नागरिकलाई आवतजावतमा सुविधा पुग्ने बताइएको छ।

साइफनमा प्रतिसेकेण्ड आठ घनमिटर पानी बहाव हुने क्षमता छ। साइफनको काम चालू आर्थिक वर्षमा गरिने काममा ९५ प्रतिशत सम्पन्न भए पनि नहरमा पानी सञ्चालन गर्न र वर्षात्को समयमा लोहन्द्रा खोलामा आउने बाढीबाट संरचनालाई जोगाउन तत्काल रु आठ करोड आवश्यक रहेको आयोजना प्रमुख यादवले बताउनुभयो। उहाँले यो बजेटको अभावमा संरचनाको काममा बाधा उत्पन्न हुने र निर्माण कम्पनी पनि हच्किने सम्भावना रहेकाले विभागले तत्काल आवश्यकताबमोजिमको बजेट निकासा हुनुपर्ने माग गर्नुभयो।

साइफन सुरुङ्ग मार्ग जस्तो आरसिसी मोडलमा छन् र यसको आयु ५० वर्षको हुने आयोजना प्रमुख यादवले जानकारी दिनुभयो। उहाँले भविष्यमा यस्तै समस्या बूढी खोलामा पनि उत्पन्न हुने सम्भावना देखिएकाले सो खोलाबाट छिचोल्दै पूर्वतर्फ आएको मूल नहरलाई जोगाउन रु दुई करोड बजेट आवश्यक छ भन्नुभयो। उहाँले यसका लागि विभागका प्रमुखलाई पनि समस्या बताइसकेको छु तर पनि बजेटको बन्दोबस्त हुन सकेको छैन, आउने वर्षात्मा नहरलाई जोगाउन निकै चुनौती छ भन्नुभयो।

प्रमुख यादवले यस वर्ष किसानको खेतमा पानी पुऱ्याउन र बूढी खोलाको संरचना बचाउमा गर्नुपर्ने आवश्यक कामका लागि सरकारले रु१० करोड बजेट तुरुन्तै व्यवस्था गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

सप्तकोशी नदीको पानीलाई सुनसरीको चतरास्थित नहरमा पानी खसाली बनाइएको चतरा मूल नहरको लम्बाइ ५३ किमी छ। यसबाट सुनसरीमा सुन्दरगुन्दर शाखासहित, सुकसेना, रामधुनी, मनिक चौधरी, सिँगिया, शङ्करपुर, एसएस जे झुम्का, विश्वाम्पुर, सीतागञ्ज र दुहबी शाखा छन् भने मोरङमा छुरछुरिया, हरिनगरा, विराटनगर, वरियाती, नयाँपट्टी, आम झोडा, रञ्जनी, चिस्याङ शाखा र झमनपुर शाखा छन्। मोरङको छ वटा शाखामा अहिले पानी जान छोडेको छ। मूल नहर प्रतिसेकेण्ड ६० घनमिटर पानी बहाव हुने क्षमताको भए पनि अहिले नहरमा थुप्रिएको बालुवा, दलकच्चु आदिले गर्दा पानी बहावमा समस्या देखिएको छ।

लामो समयदेखि नहर सफा गर्ने काम नभएकाले क्षमताअनुसारको पानी बहाव गराउन मूल नहरदेखि शाखा नहरलाई पनि सफा गर्नुपर्ने सुनसरी मोरङ सिँचाइ आयोजनाका इञ्जिनीयर प्रेमचन्द्र झाले बताउनुभयो। सप्तकोशीबाट बगेर आउने बालुवा नहरमा वर्षेनी थुप्रिने समस्यालाई निराकरण गर्न मुहानमा बालुवा छान्ने मेशिन पनि जडान गर्नुपर्ने आवश्यकता देखिएको इञ्जिनीयर झाले जानकारी दिनुभयो।

उहाँले मुहानमा बालुवा छान्ने दुई वटा मेशिन रहे पनि एउटा मात्र सञ्चालन रहेकाले नहरमा बालुवाको समस्यासँगै कृषकको खेतमा पनि पानीसँगै बालुवा जाने भएकाले यसतर्फ विभागले विशेष ध्यान दिनुपर्ने जनाउनुभयो। उहाँले चतरा मूलनहरबाट मोरङभन्दा सुनसरीमा बढी सिँचाइ भइरहेको र मोरङमा कम छ भएको जानकारी पनि दिनुभयो।

लोहन्द्रा खोलामा बनिरहेको पुलका विषयमा निर्माण कम्पनीका प्रबन्ध निर्देशक सन्तोष बस्नेतले तोकिएकै अवधिमा पुल निर्माण कार्य सम्पन्न गर्ने र आफूहरुले बनाएको यो पुलले ७० मेट्रिकटन भार थेग्न सक्ने दाबी गर्नुभयो। उहाँले पुलले सोचेअनुसारको भार थेग्न सक्छ कि सक्दैन भनेर एटिटी इञ्जिनीयर सर्भिस प्रालीबाट प्राविधिक मगाएको जानकारी दिनुभयो। प्राविधिक महेश ठाकुरका अनुसार पुलको गुणस्तर एवं बनावटमा कुनै पनि समस्या नदेखिएकाले सोचेअनुसारको भार थेग्नसक्ने जानकारी दिनुभयो।

निर्माणस्थलमा कार्यरत सुनसरी मोरङ सिँचाइ आयोजनाका इञ्जिनीयर नित्यानन्द झाका अनुसार निर्माणको काममा कुनै पनि कमी कमजोरी हुन नदिन चौबीसै घण्टा आयोजनाबाट निरीक्षण एवं निगरानी भइरहेको छ भन्नुभयो।

शुरुमा सुनसरी र मोरङमा कूल ४५ हजार हेक्टर जमीनमा मात्र सिँचाइ हुने गरेको यो आयोजनाको नहरलाई विसं २०४५ मा चीन सरकारले ३९ मिलियन डलरमा ठेक्का लिइ नहर विस्तारको काम गरेको थियो। जसको फलस्वरुप अहिले दुवै जिल्ला ६० हजार हेक्टरभन्दा बढी जमीनमा सिँचाइ सुविधा पुगेको छ।

सप्तकोशीको पानीलाई उचित व्यवस्थापन गर्न सकियो भने सप्तकोशी नदीको पानीलाई पूर्वमा झापासम्म पश्चिममा सिरहासम्म पानी पुऱ्याउन सकिने सीतागञ्ज शाखा नहर जल उपभोक्ता समितिका अध्यक्ष तपन दासले बताउनुभयो। उहाँले १५ वर्षअघि आयोजना प्रमुखका रुपमा काम गर्नुभएको अनिल पोखरेल पछि र अहिलेका आयोजना प्रमुख भिलानन्द यादवअघिका आयोजना प्रमुखहरुले नहरको क्षमता विकास र संरचना निर्माणका साथै किसानको खेतसम्म पानी पुऱ्याउने योजनाहरुलाई ध्यान नदिएका कारण नहरको दुरावस्था हुन पुगेको प्रतिकिया दिनुभयो। विगतका आयोजना प्रमुखहरुले नहरको विकास र सुदृढीकरण भन्दा पनि आफ्नै विकासमा केन्द्रित रहनुले नै यति महत्वपूर्ण आयोजना अहिले लथालिङ्ग भएको अध्यक्ष दासको गुनासो छ।

अध्यक्ष दासले सिँचाइ तथा जलश्रोत मन्त्री एनपी साउदको समयमा आयोजनाको ५३ किमी लामो नहरको डिलहरुलाई अतिकमण गरेर घर बनाएका लगभग चार हजार संरचनाहरुलाइ बल प्रयोग गरी हटाउनु भएको थियो। अहिले फेरि उही क्रम जारी रहेको देखिएको छ। अहिले पनि नहरका डिल तथा नहरको सीमाभित्र रहेका जग्गाहरु पुनः नागरिकबाट अतिक्रमण शुरु भएको देखिएको छ भने यसलाई तत्काल हटाउन सरकारले आवश्यक कदम चाल्नुपर्ने आवश्यकता देखिएको अध्यक्ष दासको भनाई छ। उहाँले भन्नुभयो, "अहिलेका आयोजना प्रमुख स्थानीयवासी भएकोले पनि नहरको सुधार हुनेमा आशावादी छु।"

उहाँले भन्नुभयो, "हामीले अहिलेसम्ममा प्रतिसेकेण्ड ६० घनमिटर पानी मात्र प्रयोग गरिहेका छौं जबकी सप्तकोशीबाट प्रतिसेकेण्ड हजारौं घनमिटर पानी भारततर्फ बगिरहेको छ। यो पानीलाई हामीले कहिले सदुपयोग गर्ने? जतिसक्दो नेपाल सरकारले स्वदेशी पानीलाई स्वदेशमै खपत गर्ने योजना ल्याउनुपर्‍यो, यो मेरो सुझाव हो।"

सप्तकोशीमा वर्षात्का समयमा चार लाखदेखि पाँच लाख घनमिटर पानी प्रतिसेकेण्ड बहाव भइरहेको हुन्छ भने हिउँदको सममाय कम्तीमा १३ देखि १४ हजार घनमिटर पानी प्रतिसेकेण्ड भारततर्फ बगिरहेको कोशी ब्यारेज प्रहरी चौकीका सहायक प्रहरी निरीक्षक तारा चुँडालले जानकारी दिनुभयो।

खाद्यान्नका लागि उत्पादनशील जिल्लाका रुपमा रहेको सुनसरी, मोरङ र झापा गरी कुल दुई लाख २५ हजार ८०० हेक्टर जमीन खेतीयोग्य छ। साठी घनमिटर प्रतिसेकेण्ड पानी आउने चतरा मूल नहरबाट सुनसरी मोरङमा ६० हजार हेक्टर जग्गामा सिँचाइ पुगेको छ भने १४ हजार घनमिटर प्रतिसेकेण्ड सप्तकोशी नदीमा बग्ने पानीलाई सदुपयोग गर्न सकियो भने कति क्षेत्रफलमा सिँचाइ पुऱ्याउन सकिन्छ सहजै अनुमान लगाउन सकिन्छ।

राहदानी हराएको सूचना
कंचनपुरदेखी फत्तेपुरसम्म जादै गरेको अवस्थामा २०७७ साल पुस १० गते मेरो निम्न ब्यहोराको राहदानी हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकीमा सम्पर्क गर्नुहोला।
**नाम : मो. रहमान**
**ठेगाना : फत्तेपुर १, सप्तरी**
**राहदानी नं. : ११०५०४१०**

बोन्ड पेपर हराएको सूचना
राजविराजदेखी राजगढ गाउँपालिका २ बनैनियासम्म जाँदै गरेको अवस्थामा २०७७ साल पुस ३ गते निम्न ब्यहोराको बोन्ड पेपर हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकी वा ९८०४७००३४६ मा सम्पर्क गर्नुहोला।
**नाम : बबितादेवी यादव**
**पो.नं. : १२०००३४९५**

# जनता आवास कार्यक्रम प्रभावित

लहान, १८ माघ (रासस)।

दलित, भूमिहीन, सुकुम्बासी परिवारको भवन निर्माणका लागि चाहिने जग्गा स्थानीय तहले व्यवस्थापन गर्न नसक्दा सिरहा र सप्तरीमा जनता आवास कार्यक्रम प्रभावित भएको छ। सरकारले जनता आवास कार्यक्रमका माध्यमबाट भूमिहीन, सुकुम्बासी, दलित परिवारका लागि आवास भवन बनाउन लागे पनि भवन निर्माणका लागि चाहिने जग्गा व्यवस्थापन नहुँदा भवन कुन ठाउँमा भने अन्योल बढेको हो।

आवास भवनका लागि छनोट भएका लाभग्राहीसँग घर बनाउन जग्गा नभएको खण्डमा स्थानीय तहले जग्गा व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ। स्थानीय तहले त्यसमा सक्रियता नदेखाउँदा जनता आवास कार्यत्रख्ी ञm निर्धारित समयमा सम्पन्न गर्न कठिनाइ भइरहेको शहरी विकास तथा भवन निर्माण कार्यालय सप्तरी राजविराजका प्रमुख कृष्णदेव झाले जानकारी दिनुभयो।

"धेरैजसो विपन्न, दलित परिवारसँग घर बनाउने जग्गा छैन्", प्रमुख झाले भन्नुभयो, "जसका कारण घर कहाँ बनाइदिने अन्योल छ, ती परिवारको घर बनाउन आवश्यक जग्गा व्यवस्थापन गरिदिन स्थानीय सरकारलाई पटकपटक पत्राचार गरे पनि अझै व्यवस्था गर्न सकेको छैन्।" कतिपय स्थानीय तहले जग्गा व्यवस्थापन मिलाए पनि लाभग्राही त्यो जग्गामा जान नरुचाएका कारण जनता आवास भवन बनाउन नसकिरहेको प्रमुख झाको भनाइ छ।

कतिपय स्थानीय तहले व्यवस्थापन गरेको जग्गामा लाभग्राही जान रुचाए पनि वरिपरिका जग्गाधनीले विभिन्न बहानामा अवरोध सिर्जना गर्ने गरेका कारण पनि जनता आवास कार्यक्रम प्रभावित भएको उहाँले बताउनुभयो। जग्गा व्यवस्थापन गर्न नसकेको दुवै जिल्लाका स्थानीय तहलाई माघ मसान्तभित्रमा जग्गा व्यवस्थापन नगरिए कार्यक्रम कटौती गरिने चेतावनीसहितको पत्र शहरी विकास तथा भवन निर्माण कार्यालयले पठाएको छ।

लामो समयसम्म जनता आवास निर्माण नहुँदा विपन्न दलित समुदायको पक्की घरमा सुत्ने सपना अधुरै छ। "लाभग्राहीको सुचीमा आफ्नो नाम पनि छनोट हुँदा खुशीले गद्गद भएको थिए", राजविराज नगरपालिका-६ का मनोज मेहतरले भन्नुभयो, "तर घर बनाउन चाहिने जग्गा नहुँदा समस्या भइरहेको छ।" छनोट भएको दुई वर्ष बित्नै लाग्दासमेत जग्गा अभावमा घर निर्माण हुन नसकेको उहाँको दुखेसो छ।

जग्गाको व्यवस्था मिलाइदिन वडाध्यक्षलाई पटकपटक ताकेदा गर्दासमेत अझै जग्गा व्यवस्थापन नभएकाले घर बन्ने वा नबन्ने भने चिन्तामा परेको उहाँले गुनासो गर्नुभयो। जग्गासम्बन्धी विवादकै कारण आर्थिक वर्ष २०७६/७७ मा छनोट भएकामध्ये सिरहाका १२१ वटा र सप्तरीको २२३ वटा आवास भवन निर्माण कार्य अझै शुरु हुन नसकेको कार्यालय प्रमुख झाले बताउनुभयो।

आर्थिक वर्ष २०७६/७७ मा सिरहामा ३९७ आवास भवन छनोट भएकामा हालसम्म २७६ वटा भवन निर्माण भइरहेको छ भने सप्तरीमा ६०३ भवन छनोट भएकामा ३८० भवन निर्माण कार्य जारी रहेको सो कार्यालयले जनाएको छ। निर्माणाधीन जनता आवास भवन आउँदो चैत र वैशाख महिनाभित्रमा सम्पन्न गरी लाभग्राहीलाई हस्तान्तरण गरिने प्रमुख झाले बताउनुभयो। बजेट आभावका कारण चालू आर्थिक वर्ष २०७७/७८ मा सिरहाको औरही गाउँपालिकामा ५०० आवास भवनबाहेक अन्य ठाउँमा आवास भवन थपिएको छैन।

चालू आवमा सिरहाको औरही गाउँपालिकाको वडा नं १, २, ३, ४ र ५ मा ५०० आवास भवन बनाउन प्रक्रिया अघि बढाइसकेको प्रमुख झाले बताउनुभयो। जनता आवास जिल्ला समन्वय समितिको केही दिनअघि बसेको बैठकले सप्तरीमा एक हजार २०० आवास भवनको माग गर्ने निर्णय गरी सरकारलाई पत्र पठाएको प्रमुख झाले जानकारी दिनुभयो। बरण्डासहित दुई कोठे पक्की भवनका लागि सरकारले प्रति घरबापत रु तीन लाख १७ हजार ५०० र शौचालयबापत रु १५ हजारसमेत गरी रु तीन लाख ३२ हजार ५०० का दरले बजेट छुटचाएको छ।

# गजेन्द्रनारायण सिंह स्मृति टी २० क्रिकेट प्रतियोगितामा लौनियाँ र मन्सापुर विजयी







**दैनिक समाचारदाता**
**राजविराज, १८ माघ।**

तिलाठी कोइलाडी गाउँपालिकाद्वारा संचालित गजेन्द्र नारायण सिंह स्मृति टी २० क्रिकेट प्रतियोगिताको आइतबार सम्पन्न खेलहरुमा वडा नं. २ लौनियाँ र वडा नं. ७ मन्सापुर विजयी भएको छ।

सम्पन्न पहिलो खेलमा वडा नं. २ लौनियाँले वडा नं. ८ तोपालाई ६ विकेटले पराजित गरेको छ भने दोस्रो खेलमा वडा नं. ७ मन्सापुरले वडा नं. १ तिलाठीलाई २५ रनले पराजित गरेको छ।

पहिलो खेलमा टस जितेर ब्याटिङ गर्दै गरेको तोपाले निर्धारित १६ ओभर ४ बलमा सबै विकेट गुमाई ८३ रन बनाएको थियो। जसमा सुनिल यादवले सर्वाधिक १२ रन बनाए भने अन्य कुनै पनि खेलाडीले दोहोरो अंकमा प्रवेश गर्न सकेनन्। लौनियाँका लागि दिनेश कुमार मण्डल र अजय मण्डलले २/२ विकेट लिए।

जितका लागि ८४ रन पछ्याएको लौनियाँ १२ ओभर ३ बलमा ४ विकेट गुमाई विजयी हालिस गऱ्यो। लौनियाँका दुर्गानन्द मण्डलले सर्वाधिक २८ रन, दिनेश मण्डलले १२ तथा अभिमन्यु मण्डलले अविजित ११ रनको योगदान गरे।

तोपाका लागि भरत दासले २ तथा रमेश यादव र रविन मण्डलले १/१ विकेट लिए। उक्त खेलमा दिनेश मण्डललाई म्यान अफ द म्याच घोषित गरियो।

यसैगरी दोस्रो खेलमा टस जितेर ब्याटिङ गरेको वडा नं. ७ मन्सापुरले १५ ओभर २ बलमा सबै विकेट गुमाई ९५ रन बनाएको थियो। जसमा धिरज मण्डलले १९, राजाराम मण्डलले १८ तथा रोशन मण्डलले १७ रनको योगदान दिएका थिए।

तिलाठीका लागि मुकुन्द मोहन मिश्र र श्रवणले २/२ तथा लक्ष्मी राय, निरज यादव र दिनेश यादवले १/१ विकेट लिए।

जितको लागि ९६ रनको लक्ष्य पाएको तिलाठीले १७ओभरमा सबै विकेट गुमाई ७० रन मात्र बनाउन सक्यो। तिलाठीका लागि लक्ष्मी रायले १० रन बनाउनु बाहेक कुनै पनि खेलाडी दोहोरो अंकमा प्रवेश गर्न सकेनन्। मन्सापुरका लागि राजकुमार मण्डलले ४, सुबोध मण्डलले ३ तथा अजय मरिक र धिरज मण्डलले १/१ विकेट लिए। उक्त खेलमा मन्सापुरका राजकुमार मण्डललाई म्यान अफ द म्याच घोषित गरियो।

प्रतियोगिता अन्तर्गत सोमबार वडा नं. ४ कोइलाडीर वडा नं. २ लौनियाँबीच पहिलो खेल तथा दोस्रो खेल वडा नं. ३ सकरपुरा र वडा नं. ७ मन्सापुरबीच हुने प्रतियोगिता संयोजक राजेश कुमार झाले जानकारी दिए।

### *मधेश स्वास्थ्य ...*

डा. राम केवल साह, रजिष्टारमा डा. विनोद यादव र रेक्टरमा डा. अंकुर साहलाई नियुक्त गरिएको हो।

नियुक्ति पत्र हस्तान्तरण पछि संचारकर्मीहरुलाई सम्बोधन गर्दै मुख्यमन्त्री राउतले प्रदेशकै गौरबको योजनाको रुपमा रहेको प्रतिष्ठानको पदाधिकारी नियुक्ती सरकारका लागि गौरबका दिनको रुपमा रहेको जानकारी दिदै यसै वर्ष देखी एकेडेमिक सेशनहरु संचालन हुने बताए।

कार्यक्रममा समाजिक विकास मन्त्री नवलकिशोर साह, भूमि व्यवस्था तथा कृषि सहकारी मन्त्रि शैलेन्द्र प्रसाद साह, मुख्यन्यायधिवक्ता दिपेन्द्र झा समेतको उपस्थिति रहेको थियो।

प्रादेशिक अस्पताल जनकपुरलाई आधार मानेर प्रदेश सरकारले मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्थापना गरेको छ।


**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) को पालना गरौं।**

**समाचार प्रकाशन/प्रसारण गर्दा महिला र बालबालिकाका संवेदनशीलतालाई ध्यान दिऔं।।**

**पत्रकार र सञ्चारमाध्यमले हिंसा, आतंक, अश्लिलता र अपराधलाई प्रश्रय दिने गरी समाचार सम्प्रेषण नगरौं।।**

पत्रकार तथा सञ्चारमाध्यमले हिंसा, र अपराधलाई प्रश्रय दिने वा आत्महत्या गर्न उक्साउने, अश्लिल, सार्वजनिक स्वास्थ्य, शिष्टाचार र नैतिकताको प्रतिकूल हुने वा त्रास उत्पन्न गर्ने किसिमका सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**


## विश्व समाचार

# ओमानलाई भारतले दियो कोरोनाविरुद्धको खोप

मस्कट, १८ माघ (रासस/एएनआई)।

भारतले खाडी मुलुक ओमानलाई कोरोनाभाइरस विरुद्धको खोप सहयोग प्रदान गरेको छ।

भारतले उपहारस्वरुप प्रदान गरेको एक लाख डोज खोप शनिबार ओमानको राजधानी मस्कट आइपुगेको अधिकारीले जानकारी दिएका छन्।

भारतका विदेश मन्त्री एस जयशंकरले मित्रवत सम्बन्ध विकास गर्न ओमानलाई कोरोनाविरुद्धको खोप सहयोग स्वरुप प्रदान गरेको जानकारी दिनुभयो।

"भारतमा बनाइएको कोरोना विरुद्धको खोप ओमानलाई उपलब्ध गराइएको छ, यो दुई देशको सम्बन्ध सयौं वर्षदेखि मित्रवत रहेको परिणामस्वरुप हो," विदेश मन्त्री जयशंकरले सामाजिक सञ्जाल ट्वीटरमा लेख्नु भएको छ।

भारतको विदेश मन्त्रालयका प्रवक्ता अनुराग श्रीवास्तवले ओमानसहित क्यारिबियन देश, निकारागुवालगायतलाई कोरोनाको खोप उपहारस्वरुप दिने योजना रहेको बताउनुभयो।

अफ्रिकी मुलुकलाई मात्रै झण्डै एक करोड खोप दिने तयारी भइरहेको पनि उहाँले जानकारी दिनुभयो।

भारतले साउदी अरब, दक्षिण अफ्रिका, क्यानडा, मङ्गोलियालगायतका देशलाई पनि कोरोनाको खोप दिने योजना बनाएको छ।

"यही जनवरी २० देखि हामीले छिमेकी देशलाई खोप सहयोग गर्न थालेका हौं, अहिलेसम्म ५५ लाखभन्दा बढी खोप सहयोगस्वरुप प्रदान गरिएको छ," उहाँले भन्नुभयो।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले कोरोनाको खोप उत्पादन गर्ने क्षमताको हिसाबले भारत अग्रस्थानमा रहेको बताउनु भएको छ।

# डब्लुएचओको अनुसन्धान टोली कोभिड-१९ फैलिएको उहानको बजारमा

उहान, चीन, १८ माघ (रासस/एएफपी)।

विश्वव्यापी महामारीका रुपमा फैलिएको कोरोनाभाइरसको उत्पत्तिका बारेमा अनुसन्धान गर्न खटिएको विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) को टोलीले आइतबार सङ्क्रमण फैलिएको भनिएको उहानको बजारको भ्रमण गरेको छ।

समूहका सदस्यले हुआनानको सामुद्रिक जीव बजारको भ्रमण गरेका थिए। यो बजारलाई गत वर्षको जनवरीदेखि नै सिलबन्दी गरिएको छ। एएफपीका पत्रकारका अनुसार सुरक्षाकर्मीले डब्लुएचओका सदस्यलाई मात्र बजारभित्र प्रवेश दिएका थिए।

चीनले गरेको ढिलाई एवं राजनीतिक आरोहअवरोहका बीच डब्लुएचओको टोलीले जनावरबाट मानिसमा भाइरस कसरी सरेको थियो भन्ने अनुसन्धान गर्न खोजेको छ।

भाइरसको स्रोत पहिचान गर्न निकै कठिन रहेको डब्लुएचओले अड्कल गरेको छ। उहानबाटै फैलिएको आशंका गरिएको कोरोनाभाइरसको सङ्क्रमणबाट विश्वभर २० लाखभन्दा बढी व्यक्तिको मृत्यु भइसकेको छ भने विश्वको अर्थव्यवस्था नै संकटमा उभिएको छ।

आइतबार डब्लुएचओको अनुसन्धान टोली हुआनानको बजार अनुगमन गर्न आइपुगेको थियो। डब्लुएचओको टोलीमाथि चिनियाँ अधिकारीले निकै गम्भीरतापूर्वक नियालीरहेका छन्।

चिनियाँ अखबार ग्लोबल टाइम्सले भाइरसको स्रोत उहानको बजार नभएको दाबी गर्दै खबर प्रकाशन गरिरहेको छ। चिनियाँ अधिकारीले कोभिड-१९लाई नियन्त्रणमा ल्याउन चीन सरकारले अपनाएको कदम र नागरिकले दिएको साथ अमूल्य रहेको बताउँदै आएका छन्।

चीनमा कोभिड-१९को सङ्क्रमणबाट चार हजार ६३६ जनाको मृत्यु भएको आधिकारिक विवरणमा उल्लेख छ।

# इजरायलमा कोभिड-१९ विरुद्धको खोप ३० लाखलाई दिइयो

जेरुसलेम, १८ माघ (रासस/सिन्ह्वा)।

इजरायलको स्वास्थ्य मन्त्रालयले कोरोनाभाइरस विरुद्धको खोप लगाउने व्यक्तिको संख्या इजरायलमा ३० लाख नाघेको जनाएको छ।

गत डिसेम्बर २० मा खोप अभियान शुरु भएयता कूल जनसङ्ख्याको करिब ३२ प्रतिशतले खोप लगाइसकेका छन्। इजरायलको जनसंख्या करिब ९३ लाख रहेको छ।

मन्त्रालयका अनुसार ७० वर्ष र सोभन्दा बढी उमेरका ९० प्रतिशतभन्दा बढी व्यक्तिले खोप लिइसकेका छन्। इजरायलमा कोभिड-१९ बाट संक्रमितको कूल संख्या छ लाख ४० हजार नाघेको छ जसमध्ये ७२ हजार व्यक्तिमा सक्रिय सङ्क्रमण छ।

इजरायलमा कोभिड-१९ सङ्क्रमितमध्ये चार हजार ७४५ जनाको मृत्यु भएको छ भने गम्भीर अवस्थामा रहेका व्यक्तिको संख्या एक हजार १६२ छ। कोभिड-१९ संक्रमितमध्ये पाँच लाख ६४ हजार संक्रमणमुक्त भएका छन्।

# वर्तमान अवस्थाको कारक सत्ताधारीको द्वन्द : अध्यक्ष ठाकुर

जनकपुरधाम, १८ माघ (रासस)।

जनता समाजवादी पार्टी नेपालका अध्यक्ष महन्थ ठाकुरले वर्तमान अवस्थाको कारक सत्ताधारी दलको द्वन्द्व भएको बताउनुभएको छ।

राष्ट्रिय इञ्जिनीयर सङ्घको राष्ट्रिय भेलालाई शनिबार जनकपुरधाममा सम्बोधन गर्दै उहाँले सत्ताधारीद्वारा सङ्कट उत्पन्न गरी संविधानमाथि नै प्रहार हुने कार्य भएको आरोप लगाउनुभएको हो।

अध्यक्ष ठाकुरले प्रधानमन्त्री केपी शर्मा ओलीले आफूमाथि परेको सङ्कटकै कारण संसद् विघटन गर्न पुगेको आरोप लगाउँदै प्रधानमन्त्रीले सङ्कट उत्पन्न गरी आफूलाई ठूलो राष्ट्रवादी भन्न रुचाउने र संसद् पुनःस्थापना गर्नेलाई उहाँ ठूलो राष्ट्रद्रोही ठान्नुहुन्छ भन्नुभयो। उहाँले सङ्घीय संरचना प्राप्त भए पनि शासन विभेद् गर्नेहरूको हातमा भएकाले त्यसको प्रतिफल प्राप्त हुन सकेको छैन भन्नुभयो।

सो पार्टीका वरिष्ठ नेता राजेन्द्र महतोले जनताका लागि संविधान र व्यवस्था आउन नसकेका कारण देशमा पटक पटक समस्या उत्पन्न हुने गरेको धारणा राख्नुभयो।

प्रदेश नं २ का मुख्यमन्त्री लालबाबु राउतले प्रतिनिधिसभा विघटन गरेर प्रधानमन्त्रीले जनताको विश्वास गुमाइ सक्नुभएको आरोप लगाउनुभयो।

सङ्घका अध्यक्ष भगवान् झाको अध्यक्षतामा भएको सो समारोहमा जनता समाजवादी पार्टीका नेताहरू शरदसिंह भण्डारी, अनिल झा, राजकिशोर यादवलगायतले सङ्कटको समाधानमा सबैको पहल आवश्यक रहेको धारणा राख्नुभयो।

# सिरहामा थपिए २१ हजार १० मतदाता

लहान, १८ माघ (रासस)।

सिरहामा २१ हजारभन्दा बढी नयाँ मतदाता थपिएका छन्। जिल्ला निर्वाचन कार्यालयका अनुसार जिल्लामा ११ हजार छ पुरुष र १० हजार चार महिला गरी २१ हजार १० नयाँ मतदाता थपिएका हुन्।

सरकारले अगामी वैशाख १७ र २७ गरी दुई चरणमा निर्वाचन घोषणा गर्नु अघिल्लो दिनसम्म गरी मतदाता अद्यावधि गर्ने क्रममा सो मतदाता थपिएको कार्यालयका प्रमुख इन्दिरा यादवले जानकारी दिनुभयो। गत २०७४ मङ्सिरमा भएको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा जिल्लामा एक लाख ८४ हजार १०१ पुरुष, एक लाख ६० हजार २६७ महिला र दुई जना तेस्रोलिङ्गी गरी तीन लाख ४४ हजार ३७० मतदाता थिए।

अघिल्लो निर्वाचनमा रहेका २२१ मतदानस्थललाई कायम राख्ने निर्णय गरेको छ। प्रमुख जिल्ला अधिकारीको अध्यक्षमा रहेको जिल्ला निर्वाचन कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिको बैठकले गत २०७४ को निर्वाचनका बेलाका मतदानस्थललाई नै कायम राख्ने निर्णय गरेको कार्यालय प्रमुख यादवले जानकारीदिनुभयो।

उहाँका अनुसार निर्वाचन कार्यालयले घोषित प्रतिनिधिसभा सदस्य निर्वाचनलाई दृष्टिगत गरी आयोगको तालिकाअनुसार जिल्लामा मतदाता नामावली अद्यावधिक कार्य अगाडि बढाएको छ। यही माघ १५ गते प्रत्येक स्थानीय तहमा मतदाता नामावली प्रकाशन गरी माघ १६ र १७ गते त्रुटि सच्याउन निवेदन दिने, झुठा विरणविरुद्ध उजुरी दिने, दोहोरो नामावली हटाउन निवेदन दिने, मृत्यु वा नागरिकता परित्याग गरेको मतदाताको स्थानीय पञ्जिकारबाट नामावली सङ्कलन गरिने कार्य सकिएको छ।

आएका उजुरीहरूमाथि माघ १८ र १९ गते सफाइको मौका दिइने र माघ १८ देखि २० गतेभित्र निवेदनको आधारमा त्रुटि सच्याउने, दोहोरो नामावली हटाउने, स्थानीय पञ्जिकारबाट प्राप्त मृतक मतदाताको नामावली निर्वाचन आयोगमा पठाउने, माघ २० गते दाबी विरोध उजुरीउपर कारवाही गरिने र माघ २१ गते मतदाताको अन्तिम नामावली प्रकाशन गरिने कार्यक्रम तय भएको कार्यालयले जनाएको छ। यसका साथै सिरहाको १७ वटै स्थानीय तहमा एक/एक सहायक निर्वाचन अधिकृत छनोट गरी खटाइने छ।

# काठमाडौँमा बर्डफ्लु भेटियो

काठमाडौँ, १८ माघ (रासस)।

काठमाडौँको तारकेश्वर नगरपालिका-७ स्थित साइलेखाला, फटुडका स्थानीय किसानले पालेका टर्की हाँसमा बर्डफ्लु पुष्टि भएको छ।

बर्डफ्लु पुष्टि भएपछि १८६५ हाँस, ६२२ बट्टाइ, ३२ कुखुरा, २५ टर्की, ५४२ अण्डा र ७५ केजी दाना नष्ट गरिएको तारकेश्वर नगरपालिका पशु शाखा प्रमुख धनिपत रायले बताउनुभयो।

बर्डफ्लु पुष्टि भएसँगै शनिबार नेपाल सरकार स्वास्थ्य सेवा विभाग, पशु सेवा विभागको टोली, तारकेश्वर नगरपालिका स्वास्थ्य शाखाको संयुक्त टोलीका साथै नेपाल प्रहरी, स्थानीयवासीको सहयोगमा उक्त फार्मलाई शिल गरिएको छ।

अन्य पोल्ट्रीफार्मका कुखुरामा पनि बर्डफ्लुको लक्षण देखिन थालेकाले परीक्षणका लागि पठाइसकिएको बताइएको छ। बर्डफ्लु प्रभावित क्षेत्रका कुखुरा फार्ममा चुना र 'भिर्कोन' छर्ने काम भइरहेको प्रमुख रायले जानकारी दिनुभयो।

### *शान्तिका लागि ...*

सहभागिता रहने जानकारी दिए।

महायज्ञका लागि एक करोड भन्दा बढी रकमको आवश्यकता पर्ने हुनाले त्यसका लागि विभिन्न उपसमिति गठन गरि आर्थिक संकलन कार्य भइरहेको बताउँदै अध्यक्ष मण्डलले आफूहरुले नगद भन्दा बढी यज्ञका लागि चाहिने आवश्यक सामाग्रिहरुको व्यवस्थामा जुटेको बताए।

यसअघि माघ ७ गते संरक्षक दासको प्रमुख अतिथ्य तथा प्रदेश २ का उद्योग पर्यटन राज्यमन्त्री सुरेश मण्डलले संयुक्त रुपमा महायज्ञको ध्वजारोहन गरेका थिए।

# अधिकारकर्मीको पहलमा रोकियो बालविवाह

सर्लाही, १८ माघ (रासस)।

सर्लाहीको ईश्वरपुरमा हुन लागेको बालविवाह अधिकारकर्मीको पहलमा रोकिएको छ। ईश्वरपुर नगरपालिका-७ का प्रेमनाथ महतोकी अन्दाजी १४ वर्षीया छोरीको विवाह हुन लागेको जानकारी पाएपछि पुगेको मेची-महाकाली बुहारी संयुक्त आवाजका अधिकारकर्मीले रोकेका हुन्। सो संस्थाकी संयोजक रमा काफ्लेका अनुसार १४ वर्षीया बालिकाको लालबन्दी -१७ का रामनरेश महतोसँग विवाहको तयारी भएको थियो।

'बेटी पढाउ, बेटी बचाऊँ' अभियान चलिरहेको प्रदेशमा नै नाबालिकाको विवाह हुन खोज्नु दुःखद भएको संस्थाकी सहसंयोजक अञ्जना पन्त कडरियाले बताउनुभयो। ती बालिकाको घरको परिवारिक स्थिति नाजुक रहेका कारण परिवारले विवाह गरिदिन लागेका बताइएको छ। बालिकाले विवाह भन्दा आफूले पढ्न चाहेको इच्छा व्यक्त गरेकी सहसंयोजक पन्तले जानकारी दिनुभयो।

### *बलात्कारका ...*

मलाहाटोलका २६ वर्षीय नरेश मुखिया मलाहा रहेका छन्।

गत कात्तिक ६ गते राति शौचालय गएका बेला बलात्कार प्रयास गरेको भन्दै पीडित महिलाले दिएको उजुरीको आधारमा मलाहालाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनाधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**





नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। हाम्रो सेवाहरु

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit | City Express Money Transfer | Best Remit | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*